# अनुसूची - १

(नियम ३ को उपनियम (२) संग सम्बन्धित)

## नगरकार्यपालिकामा रहने विषयगत शाखा (महाशाखा, शाखा, कार्यालय, उपशाखा, इकाई) को विवरण

(उप-महानगर कार्यपालिकाको आफ्नो राजश्वको क्षमता, खर्चको आवश्यकता, सेवा उपलब्ध गराउनु पर्ने जनसंख्या तथा विकासका मुख्य मुख्य प्राथमिकता अनुरुप संगठन तथा व्यवस्थापन सर्भेक्षणका आधारमा बिषयगत महाशाखा, शाखा, कार्यालय, उपशाखा वा इकाई निर्धारण गर्न सक्नेछ । जनशक्तिको उपलब्धता तथा प्रशासनिक खर्चलाई ध्यान दिई एउटा बिषयगत शाखा अन्तर्गतको कुनै कार्यालय, उपशाखा वा इकाईले मिल्दो अन्य बिषयक्षेत्रको कार्यसमेत सम्पादन गर्न सक्नेछ ।)

**१. सामान्य प्रशासन तथा सुशासन प्रवर्द्धन महाशाखा**

क. स्थानीय सेवा तथा जनशक्ति विकास शाखा,

ख. आन्तरिक व्यवस्थापन शाखा (खरिद, भण्डारण तथा सम्पत्ति),

ग. अन्तर सरकार तथा वडा कार्यालय समन्वय शाखा,

घ. बजार अनुगमन तथा उपभोक्ता हित संरक्षण शाखा,

ङ. बैठक व्यवस्थापन, विदा, उत्सव, जात्रा, पर्व, दर्ता, चलानी, उपाधि तथा विभुषण उपशाखा,

च. आन्तरिक लेखा परीक्षण शाखा,

छ. कानून, न्याय तथा मानव अधिकार प्रवर्द्धन शाखा,

ज. विधायन शाखा,

झ. नगर प्रहरी व्यवस्थापन शाखा,

**२. वित्त व्यवस्थापन महाशाखा**

क. राजश्व प्रशासन शाखा,

ख. आर्थिक प्रशासन शाखा,

ग. ऋण तथा जमानत उपशाखा,

**३. शहरी पूर्वाधार विकास महाशाखा**

क. सडक तथा यातायात व्यवस्थापन शाखा,

ख. खानेपानी, सडक बत्ती तथा वैकल्पिक उर्जा प्रवर्द्धन शाखा,

ग. सिंचाइ तथा प्रकोप नियन्त्रण शाखा,

घ. भू-उपयोग, भूमि व्यवस्थापन तथा बस्ती विकास शाखा,

ङ. भवन तथा भवन संहिता एवं निर्माण इजाजत (डिजाइन समेत) शाखा,

च. सार्वजनिक निजी साझेदारी प्रवर्द्धन शाखा,

**४. योजना, अनुगमन तथा मूल्यांकन महाशाखा**

क. योजना कार्यक्रम तथा बजेट तर्जुमा एवं कार्यान्वयन सहजिकरण शाखा,

ख. अनुगमन तथा मूल्यांकन शाखा,

ग. सूचना प्रविधि तथा तंथ्याक शाखा,

घ. वैदेशिक सम्पर्क तथा समन्वय शाखा,

**५. आर्थिक विकास महाशाखा**

क. कृषि तथा पशुपंक्षी विकास शाखा,

ख. श्रम, रोजगार प्रवर्द्धन तथा सहकारी शाखा,

ग. उद्योग, वाणिज्य, पर्यटन प्रवर्द्धन तथा गरिबी न्यूनिकरण शाखा,

**६. सामाजिक विकास, वातावरण संरक्षण तथा प्रकोप व्यवस्थापन महाशाखा**

क. समावेशीकरण तथा मुल प्रवाहिकरण शाखा,

(महिला, बालबालिका, ज्येष्ठ नागरिक, विपन्न, आदिवासी, जनजाती, मुस्लिम, अल्पसंख्यक र पछाडि पारिएको वर्ग समुदाय समेत)

ख. सामाजिक परिचालन तथा गैसस परिचालन एवं समन्वय शाखा,

ग. सरसफाई तथा फोहर व्यवस्थापन शाखा,

घ. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता उपशाखा,

ङ. वन, वातावरण तथा भू-संरक्षण शाखा,

च. विपद् व्यवस्थापन (जल उत्पन्न, अग्नी, वायु, महामारी, भूकम्प आदि) शाखा,

**७. शैक्षिक विकास महाशाखा**

क. बाल तथा आधारभूत शिक्षा शाखा,

ख. माध्यमिक शिक्षा शाखा,

ग. युवा विकास, खेलकूल तथा अतिरिक्त क्रियाकलाप शाखा,

**८. जनस्वास्थ्य प्रवर्द्धन महाशाखा**

क. आधारभूत स्वास्थ्य तथा सरसफाई प्रवर्द्धन शाखा,

ख. योग, आयुर्वेद तथा प्राकृतिक चिकित्सा प्रवर्द्धन शाखा,

